(सूचनाको हक सम्बन्धी ऐन-२०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

२०८० साल श्रावण १ गते देखि २०८० साल पौष मसान्त सम्म सम्पादित प्रमुख क्रियाकलापहरु

(स्वतः प्रकाशन)

स्थानीय सरकार

धुनिवेशी नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

खानिखोला, धादिङ

बागमती, प्रदेश, नेपाल।

फोनः०१०-४०११९७, इमेलः-dhunibeshimun@gmail.com

विषय सूची

झबिलाल भुसाल
अधिकृत सातौं

१. निकायको स्वरुप र प्रकृतिः 3
२. निकायको काम, कर्तव्य र अधिकारः 11
३. निकायमा रहने कर्मचारीको विवरणः 11
४. निकायबाट प्रदान गरिने सेवाः 19
५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः 19
६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः 19
७. निर्णय गर्ने प्रक्रिया र अधिकारी 19
८. निर्णय उपर उजुरी सुन्ने अधिकारी 20
९. सम्पादन गरेको कामको विवरण 20
१०. ऐन, नियम, विनियम, कार्यविधि वा निर्देशिकाको सूचीः 33
११. तोकिए बमोजिमको अन्य विवरणः 33
१२. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण.... 33
१३. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण 34
१४. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदनः 34
१५. सार्वजनिक निकायको वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधीः 34
१६. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः 34
१७. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको सोको विवरण 34
१८. धुनिवेशी नगरका निर्वाचित जनप्रतिनिधिहरुको विवरण 34
१९. धुनिवेशी नगर भित्रका विभिन्न संघ/संस्था/प्रतिनिधिहरुको सम्पर्क विवरण 36
२०. सहकारी संस्थाहरुको विवरण 38
२१. सामुदायिक/संस्थागत विद्यालयहरुको विवरण 40
२२. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम,थर 42

१. निकायको स्वरुप र प्रकृति

धुनिवेशी नगरपालिकाको संक्षिप्त परिचय

स्थापनाः

नेपालको राजधानी काठमाण्डौंको प्रवेशद्धारमा अवस्थित धुनिवेशी नगरपालिकाको स्थापना वि.सं. २०७३ साल फाल्गुण २७ गते भएको हो। नेपालको संविधान अनुसार गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या र सिमाना निर्धारण गर्न नेपाल सरकारवाट गठन भएको आयोगको सिफारीस र नेपाल सरकारको निर्णय अनुसार राजपत्रमा सूचना प्रकाशन भई नगरपालिकाको सिमाना र क्षेत्र कायम भएको हो।

वागमती प्रदेशको धादिङ जिल्लामा पर्ने यो नगरपालिका संघीय राजधानी काठमाडौंबाट २० कि.मी र जिल्ला सदरमुकाम धादिङवेशीवाट ७० कि.मी.को दुरीमा रहेको छ। यस नगरपालिकाको कुल क्षेत्रफल ९८.६४ वर्ग किमी रहेको छ।

पृथ्वी राजमार्ग र त्रिभुवन राजपथ यही नगरपालिका हुँदै गएका छन् र यी दुई राजमार्गहरू नौविसे बजारमा आपसमा जोडिएका छन् भने यी राजमार्गमा नगरका मुख्य बजार केन्द्रहरू नौविसे, धार्के, खानीखोला रहेका छन्। नगरपालिकाको सबै वडामा कच्ची मोटर बाटो पुगेको छ। अधिकांश सडकहरूमा ग्राभेल गर्ने काम सम्पन्न भएका छन् भने केही सडकहरूमा कालोपत्रे गर्ने कार्यको सुरुवात गरिएको छ।

ऐतिहासिक पृष्ठभूमी

धुनिवेशी नाम कसरी रह्यो भन्ने सम्बन्धमा विभिन्न भनाईहरू रहेको पाईन्छ। कतिपयले यहाँ धुनिखोला रहेको र यसै खोलामा वेशीतर्फ रहेको ठाउँलाई धुनिवेशी भन्ने गरियो भन्छन् भने कतिपयले पहिले यस ठाँउमा उखुहरू धेरै हुने र सख्खर वनाउन धुनि लगाइरहने गरेकोले यस ठाउँको नाम धुनिवेशी रहन गएको भन्ने गरेको पाईन्छ। यस नगरपालिका धुनिवेशीमा रहेको धुनिवेशी भन्ने ऐतिहासिक ठाउँकै नामबाट यो नगरको नामकरण गरिएको हो।

सिमानाः

पूर्वः चन्द्रागिरी नगरपालिका, नागर्जुन नगरपालिका, तारकेश्वर नगरपालिका, शिवपुरी राष्ट्रिय निकुञ्ज, काठमाण्डौं पर्दछ।

पश्चिमः थाक्रे गाउँपालिका, धादिङ।

उत्तरः बेलकोटगढी न.पा. र ककनी गा.पा. नुवाकोट

दक्षिणः थाहा नगरपालिका, मकवानपुर

स्थानीय तहको पुर्नसंरचना

यो नगरपालिका साविकका ३ गाविसहरू छत्रेदेउराली, जीवनपुर र नौविसेको भू-भागलाई संमायोजन गरी बनेको छ। जसलाई देहाय बमोजिम तालिकामा देखाइएका छ। धुनिवेशी नगरपालिकाको साविकको गाविस, वडाहरू देहाय बमोजिम कायम भएका छन्।

तालिका नं. १ साविक गाविसको वडाबाट नगरपालिकामा परिवर्तित अवस्था तथा वडा कार्यालय

वडा नं.	समावेश भएका साविक गाविस	साविकका गाविसका वडा	हालको वडा कार्यालय
१	छत्रेदेउराली	६, ७, ८, ९	भङ्ग्याङ पोखरी
२	छत्रेदेउराली	१, २, ३, ४ र ५	रातामाटे
३	जीवनपुर	५, ६, ७	रमाईलो चौर
४	जीवनपुर	१, २, ३, ४	जीवनपुर भङ्ग्याङ
५	जीवनपुर	८ र ९	अमलेचौर
६	नौविसे	१ र ९	गौचरन
७	नौविसे	७ र ८	खानीखोला
८	नौविसे	२ र ६	खानीखोला
९	नौविसे	३, ४ र ५	टायलघर नयाँवस्ती

स्रोतः नेपाल राजपत्र

भू-धरातल

भू-सुचना प्रणाली (GIS) अनुसार यस नगरपालिकाको भु-धरातललाई विभाजन गर्दा ५ डिग्री सम्म भिरालोपना भएको ५.०२ प्रतिशत, ५ देखि १५ डिग्री सम्म भिरालोपना भएको १५.४४ प्रतिशत र १५ डिग्री देखि ३० डिग्रीसम्म ४३.०२ रहेको छ। यस सम्बन्धी थप विवरण देहायको तालिकामा दिइएको छ।

भिरालोपना तथा यसले ढाकेको क्षेत्र

क्र.सं.	भिरालोपना	क्षेत्रफल (हे)	प्रतिशत
१	५ डिग्रि सम्म	४.९५	५.०२
२	५ डिग्रि देखि १५ डिग्रि सम्म	१५.२३	१५.४४
३	१५ डिग्रि देखि ३० डिग्रि सम्म	४२.४३	४३.०२
४	३० डिग्रि देखि ४५ डिग्रि सम्म	३१.७८	३२.२२
५	४५ डिग्रि माथि	४.२५	४.३१
जम्मा		९८.६४	

स्रोतःभू-सूचना प्रणाली (GIS)

भु-उपयोगको बिवरण

भू-सूचना प्रणाली (GIS) को आधारमा यस नगरपालिकाको भू-उपयोगलाई वर्गिकरण गर्दा वनजंगलले ढाकेको जमिन ११.९८ प्रतिशत, कृषियोग्य जमिन ६२.३२ प्रतिशत र चट्टानको क्षेत्र ०.११ प्रतिशत रहेको छ। यस सम्बन्धी थप विवरण देहायको तालिकामा दिइएको छ।

भु-उपयोगको विविधिकरण

क्र.सं.	भू-उपयोग	क्षेत्रफल	प्रतिशत
१	वनजंगलले ढाकेको जमिन	११.८२	११.९८
२	कृषियोग्य जमिन	६१.४८	६२.३२
३	चट्टान	०.११	०.११
४	पानिको भाग	०.४	०.००
५	अन्य	२५२३.०७	२५.५८
	जम्मा	९८.६४	

स्रोतःभू-सूचना प्रणाली(GIS)

जनसांख्यिक बिवरण

१२ औं राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा प्रकाशन भएकोमा उक्त नतिजा अनुसार धुनिवेशी नगरपालिकाको जनसांख्यिक अवस्थामा जम्मा ६७७७ घरधुरी परिवार संख्या ७२३५ रहेको छ भने नगरपालिकामा पुरुषको संख्या १४४११ महिलाको संख्या १४७१५ गरी जम्मा जनसंख्या २९१२६ रहेको छ। १२ औं राष्ट्रिय जनगणना २०७८ को पूर्ण विवरण केन्द्रिय तथ्यांक विभागबाट प्रकाशित नभएको हुँदा अन्य जनसांख्कि विवरण प्रकाशित गर्न सकिएन। हाल नगरपालिकाले जिपिएस लोकेशन सहितको अनलाईन सूचना संकलन गरी वेवमा आधारित डाईनामिक प्रोफाईल तयार पारेको छ। जसमध्ये हाल जम्मा ६,८२७ घरधुरी रहेको नगरपालिकामा पुरुषको संख्या १८,२३८ र महिलाको संख्या १७,८१२ गरी कुल जनसंख्या ३६,०५४ रहेको छ। यसको थप विवरण देहायको तालिकामा देखाइएको छ।

जनसांख्यिक विवरण

वडा नं.	घरधुरी	पुरुष	महिला	जम्मा जनसंख्या	जम्मा क्षेत्रफल (प्रतिवर्ग कि.मी.)	जनघनत्व (प्रति वर्ग कि.मी.)
१	८६५	२३४४	२४०६	४७५०	१५.९१	२३६.२१
२	६२६	१५८८	१६३६	३२२४	१३.०२	३०१.६२
३	८४२	२०७४	२०५१	४१२५	७.८६	३८८.३९
४	५३४	१३६१	१३६९	२७३०	६.३५	४०२.५१
५	६६४	१७३५	१६९९	३४३४	१२.३९	२५६.९७
६	४७६	१३६९	१३७७	२७४६	११.५३	२५७.९३

७	९३३	२६८०	२३७७	५०५७	१६.०५	२५७.२
८	८०७	२१२३	१९४२	४०६५	६.३५	५३१.५३
९	१०८०	२९६४	२९५९	५९२३	९.१९	४४३.५७
जम्मा	६८२७	१८२३८	१७८१६	३६०५४	९८०६४	

स्रोत डिजिटल नगर प्रोफाईल

धार्मिक, सांस्कृतिक तथा पर्यटकिय क्षेत्र

यस नगरपालिकामा रहेका ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकिय रुपले महत्वपूर्ण स्थलहरूमा महेशनारायण गुफा, बच्छलादेवी, कोटाकालीका, चमेरो गुफा, गोरखनाथ बाबा र देवीदेउराली, कालिदेवी, सेतीदेवी, तोप्लाङ भ्यू टावर, नृर्वेश्वर महादेव, झ्याम्पल खोला झरना र सितापाइला रहेका छन् । भक्तजनहरूको मनोरञ्जन तथा भजन किर्तनको लागि बाघबच्छलादेवी मन्दिर, गोरखनाथ बाबाको मन्दिरमा भजन किर्तनको सामाग्रीको व्यवस्था गरिएको छ। धर्म, कला, संस्कृति संरक्षण र पर्यटन प्रर्वधनलाई प्राथमिकतामा राखी विभिन्न वडामा मन्दिर निर्माण तथा मर्मत गर्दै कृयापुत्री भवन, मरणघाट, पाटी पौवा, चौतारो निर्माण देखी गुम्वा निर्माण, पिकनिक स्पोर्ट तथा पार्क निर्माणको साथै तोप्लाङ भ्यूटावरको निर्माणको कार्य अगाडी बढेको छ। नगर क्षेत्र भित्र रहेका ऐतिहासिक पौराणिक, धार्मिक, साँस्कृतिक स्थान तथा पर्यटकीय दृष्टिले महत्वपुर्ण स्थलहरुको पहिचान गरी संरक्षण सम्वर्धन र पुर्ननिर्माण एवं प्रचार प्रसार गर्ने कार्यहरु अगाडी बढेका छन्।

नगरको निर्वाचन र जनप्रतिनिधिहरूः

यस नगरपालिका गठन भएपश्चात पहिलो पटक निर्वाचन २०७४ बैशाख ३१ गते भएको थियो। उक्त निर्वाचनमा विजयी भएका जनप्रतिनिधिहरूले मिति २०७४ जेष्ठ ८ गते पदभार ग्रहण गर्नुभएको थियो। नगर कार्यापालिकाको पहिलो बैठक मिति २०७४ जेष्ठ २० गते भएको थियो भने पहिलो नगर सभा २०७४ श्रावण १० मा भई पहिलो बजेट नगरसभावाट मिति २०७४ श्रावण १० पारित भएको थियो भने दोस्रो नगर सभा २०७४ फाल्गुण ३० मा सम्पन्न भएको थियो। तेस्रो नगर सभा २०७५ असार १० गते सुरु भई २८ गते सम्पन्न भएको थियो। चौथो नगरसभा २०७६ बैषाख १६ गते सम्पन्न भएको थियो भने पाँचौ नगरसभा २०७६ आषाढ १९ गते सम्पन्न भयो । छैटौं नगरसभा २०७६ माघ २६ गते सम्पन्न भयो। सातौं नगरसभा २०७७ आषाढ १० गते सम्पन्न भयोे। आठौं नगरसभा २०७७।१०।२९ गते सम्पन्न भई नवौं नगरसभा मिति २०७८।०३।१० मा सुरु भई मिति २०७८।०३।१३ गते सम्पन्न भयो, भने दशौं नगर सभा २०७८।११।२२ गते सम्पन्न भयो। संघीय शासन प्रणाली लागू भए पश्चात स्थानीय तह सदस्य पदको लगि दोस्रो पटक मिति २०७९ साल वैशाख ३० गते सम्पन्न भएको स्थानीय तह सदस्य पदमा निर्वाचित भई पदभार ग्रहण गरे पश्चात नगरपालिकाको ११ औं नगर अधिवेशन मिति २०७९।०३।१० मा सुरु भई मिति २०७९।०३।१३ गते सम्पन्न भएको छ।

संस्थागत ब्यवस्था

एकिकृत नगर विकास योजना तर्जुमा प्रक्रिया प्रारम्भ गर्दै सडक गुरु योजना, डिजिटल नगर प्रोफाईल, वार्षिक योजना कार्यक्रमहरू अनलाइन सफ्टवेयर मार्फत चालु गरिएको छ साथै राजश्व संकलनको व्यवस्था अनलाईन सफ्टवेयर मार्फत हुने व्यवस्था मिलाइएको छ। नगरपालिकाको प्रशासनीक भवन निर्माणका लागी नगर केन्द्र तोकिएको स्थानमा ८ रोपनी जग्गा नगरपालिकाको नाममा कायम भइसकेको र उक्त जग्गामा प्रशासनिक भवन निर्माणको लागि ठेक्का प्रक्रियाद्धारा निर्माण कार्य अगाडी बढाई भवन निर्माण कार्य सम्पन्न हुने चरणमा पुगेको छ। भने आगामी दिनमा आफ्नै प्रशासनिक भवनबाट सेवा प्रवाह सुचारु गर्न सकिने अवस्था भएको छ। त्यस्तैगरी वडा नं. ३, ६ र ९ को वडा कार्यालय भवन निर्माण कार्य सम्पन्न भई उक्त भवनबाट नै सेवा प्रवाह भईसकेको छ। वडा नं. २ को हकमा साविक विद्यालय भवनलाई मर्मत, सम्भार, घेराबार, रंगरोगन, शौचालय व्यवस्थापन सहित व्यवस्थित रुपमा सेवा प्रवाह हुनेगरी कार्यालय स्थापना र संचालनको व्यवस्था गरिएको छ। वडा नं. १, ४ र ७ को आफ्नै भवन बाट कार्यसंचालन भइरहेको छ। वडा नं. ५ को हकमा अमलेचौर स्थित सामुदायिक भवनबाट सेवा प्रवाह हुँदै आएको छ। ८ नं. वडा कार्यालय भाडाको घरमा संचालन हुँदै आएकोमा आफ्नै भवनबाट सेवा प्रवाह गर्ने उद्धेश्यले वडा कार्यालय भवन निर्माणको लागि जग्गा प्राप्ती गरिसकिएको छ। यसै आ.व.मा भवन निर्माणको कार्य सुरुवात गरिने छ। यसका अलावा कृयापुत्री भवन, सामुदायिक भवन, महिला सामुदायिक भवनहरूको निर्माण सम्पन्न भई धुनिवेशी नगरपालिका वडा नं. २ स्थित रातमाटेमा वृद्धा विश्रामस्थाल भवन निर्माणको कार्य सम्पन्न भईसकेको छ। साथै स्वास्थ्य चौकी नभएका वडाहरूमा आधारभुत स्वास्थ्यकेन्द्र स्थापना गरीसकिएको छ। वडा आधारभुत स्वास्थ्य केन्द्र भवनहरू निर्माण सम्पन्न भइसकेको अवस्था छ । सबै नागरिकलाई स्वास्थ्य सेवामा सहज पहुँच पुर्याइएको छ। नौविसे, जिवनपुर र छत्रेदेउराली स्वास्थ्यचौकीमा १-१ वटा एम्बुलेन्सको व्यवस्था गरि सहज रुपमा एम्बुलेन्स सेवा उपलब्ध गराईएको छ। सुविधा सम्पन्न ख वर्गको एम्वुलेन्स खरिद गरी नगरवासीहरुलाई उन्नत एम्वुलेन्स सेवा उपलब्ध गराउने तयारी गरिएको छ। ३ वटै स्वास्थ्य चौकीमा ल्याव (प्रयोगशाला) स्थापना गरि सञ्चालनमा ल्याइएको छ। नगरपालिकाले १ वटा बारुण यन्त्र (दमकल) खरिद गरि दमकल सेवा उपलब्ध गराएको छ। साथै ३ वटा स्वास्थ्य चौकीहरूमा वर्थिङसेन्टर स्थापना गरी सूरक्षित नव शिशु तथा मातृत्व सेवा प्रदान गरिएको छ। सवै वडा कार्यालयहरु र स्वास्थ्य चौकीहरुमा ईन्टरनेट जडान गरी अनलाईन सेवाको सुरुवात भईसकेको छ। नौविसे स्वास्थ्य चौकीमा मेडिकल अफिसरको व्यवस्थापन गरी चिकित्सकीय सेवा प्रदान गर्दै आएकोमा विशेषज्ञ चिकित्सकीय सेवा सुरुवात गरिएको छ। नौविसे स्वास्थ्य चौकीमा स्थापना भएको प्रयोगशालालाई स्तरोन्नती गरी एनलाईजर मेसिन जडान गरीएको छ भने एक्स्रे मेसिन जडान गर्ने कार्य सम्पन्न भइसकेको अवस्था छ। नौविसे स्वास्थ्यचौकीलाई स्तरोन्नती गरी १५ वेड क्षमताको प्राथमिक अस्पतालको रुपमा विकास गर्न अस्पताल भवन निर्माण कार्य अन्तिम चरणमा पुऱ्याएको छ। धुनिवेशी नगरपालिका वडा नं.९, जुगेडीमा निर्माणाधिन प्रशासकीय भवन स्थल सँगै आन्तरिक वसपार्क निर्माण गरी नगरबस संचालन गर्ने प्रयास गरिएको छ। सुविधा सम्पन्न धुनिवेशी खेलमैदान निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ भने नगरस्तरीय धुनिवेशी पार्कको निर्माण कार्य सम्पन्न भई महिला एवं बालबालिकाका लागि सुरक्षित आवास गृह (सेफ हाउस) समेत निर्माण गरी संचालनमा ल्याइएको छ। आवश्यक स्थानीय कानूनहरुको

निर्माण गर्ने क्रममा ऐन-२१ वटा, नियमावली-६ वटा, कार्यविधि ५१ वटा, दिग्दर्शन-१ वटा, नीति-१ वटा, प्रतिकार्य योजना-१, निर्देशिका-३ वटा, मापदण्ड-१ वटा गरी जम्मा ८५ वटा कानूनहरुको विधिको शासन, पद्धति र सिद्धान्तलाई अनुसरण गरिँदै आएको छ। संस्थागत संरचना निर्माणलाई प्राथमिकतामा राखी पुर्णता दिने कार्य निरन्तर रुपमा अगाडी बढाईएको छ।

विद्यमान अवस्थाको समिक्षा

धुनिवेशी नगरपालिका २०७३ साल फाल्गुन २७ गते घोषणा भएको नेपालको सबैभन्दा कान्छो नगरपालिका हो। नगरपालिका घोषणा हुँदा विकास निर्माणका संरचनाहरु केही पनि तयार नभएको अवस्थामा नगरपालिका स्थापना भएको हुँदा स्थानीय सरकार गठन भई कार्यभार सम्हाले पश्चात उपलब्ध स्रोत साधनको उच्चतम परिचालन गरी विकासका पूर्वाधार निर्माण गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ अगाडी बढाउँदै आएको अवस्था छ। नगरवासीको चाहाना आकांक्षा, नगरको आवश्यकता, उपलब्ध स्रोत एवं साधनको उच्चतम रुपमा परिचालन एवं समानुपातिक रुपमा वितरण गरी नगरवासीले महशुस गर्न सक्ने गरी विकास निर्माणका कार्यलाई गति प्रदान गर्नका लागि शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि सडक निर्माण जस्ता क्षेत्रमा आमुल परिवर्तन गरी सर्वसुलभ, सहज एवं सबैको पहुँच हुने गरी भौतिक पूर्वाधार विकास र विस्तार गर्नुपर्ने चुनौतीहरु हाम्रा सामु देखा परेका थिए।

अधिकार र स्वतन्त्रता प्राप्तीका लागि भएका वलिदानीपूर्ण संघर्षको परिणाम स्वरुप देशमा गणतन्त्र स्थापना भई जनचाहना अनुरुप संघीय शासन प्रणालीको शुरुवात भएको यस अवस्थामा तिन तहका सरकारहरू जनआकांक्षा अनुरुप विकास निर्माणको कार्यमा जुटी अहोरात्र जनताको आवश्यकता परिपूर्तिका लागि क्रियाशिल भई रहेको अवस्था छ । कोभिड-१९ को संक्रमणलाई न्यूनिकरण गरी देश, नगर र समाजलाई जोखिम मुक्त बनाउने र आर्थिक विकासमा ध्यान केन्द्रित गरी आर्थिक क्रियाकलाप बढाउँदै अर्थ व्यवस्थालाई चलायमान बनाई राख्नु आजको आवश्यकता हो। यसका लागि जननिर्वाचित तिनै तहका सरकारहरूले आ-आफ्नो तर्फबाट भूमिका निर्वाह गर्नु पर्ने हुन्छ। संघिय शासन प्रणाली अन्र्तगत स्थानीय तहमा दोस्रो पटक स्थानीय सरकारको गठन भए पछि हाल सम्म भएका उपलब्धिको जगमा टेकेर जनचाहना पूरा गर्दै विकास निर्माणको कार्यलाई अगाडी बढाउने कार्यमा यस नगरका जनप्रतिनिधिहरू लागि परेको अवस्था छ। आफुले चुनेका जनप्रतिनिधि र नगर प्रति नगरवासीहरूको आशा, भरोसा र अपेक्षा ठूलो छ। नगरपालिकाको आन्तरिक आम्दानीको स्रोतमा वृद्धि हुन सकेको छैन। आन्तरिक आय स्रोत बढाई जनआकांक्षा पुरा गर्नु पर्ने चुनौती छ। पछिल्लो नगरपालिका भएकोले नगरमा हुनु पर्ने न्यूनतम पूर्वाधार निर्माण भई सकेको अवस्था छैन, सम्पुर्ण रुपमा नयाँ संरचना निर्माण गर्नुपर्ने अवस्था छ। नगरपालिकाको आफ्नै भवनबाट सेवा प्रवाह गर्नका लागि प्रशासनिक भवन निर्माणको कार्य सम्पन्न हुने चरणमा पुगेको अवस्थामा छ। नगरपालिका स्थापना हुँदाको वखत् २-४ जना कर्मचारीबाट सेवा संचालन र प्रवाह हुँदै आएकोमा हाल सबै वडा कार्यालय र नगर कार्यपालिकाको कार्यालयमा कर्मचारी व्यवस्थापन भइ सबै विषयगत शाखाहरू र वडा कार्यालयहरूबाट दिनुपर्ने सेवाहरू छिटो, छरितो, चुस्त, दुरुस्त, प्रभावकारी र पारदर्शी हुने गरी अनलाईन सिष्टमबाटै कार्यसम्पादन हुने व्यवस्था मिलाएको छ। हाल नगर र वडा कार्यालय मातहत १५५ जना कर्मचारीहरू कार्यरत छन्। उपलब्ध जनशक्तिलाई समुचित रुपमा परिचालन र

व्यवस्थापन गरी सिमित स्रोत साधनको बीचमा विकास निर्माण कार्य, नगरको आवश्यकता, नगरवासीको आकांक्षा र चाहना पुरा गर्नु पर्ने चुनौती छ।

सबल पक्ष

संघीय राजधानी काठमाडौं संग जोडिएको यस धुनिवेशी नगरपालिकालाई धेरै संभावना भएको नगरको रुपमा लिईएको छ। निम्न विषयहरूलाई धुनिवेशीका सबल पक्षको रुपमा हेरिएको छ।

- पौराणिक धार्मिक, संस्कृतिक तथा पर्यटकिय दृष्टिले महत्वपूर्ण गन्तव्यस्थलहरू यसै नगर क्षेत्रमा अवस्थित हुनु।
- धार्के सितापाइला बैकल्पिक राजमार्ग यसै नगरपालिकाको क्षेत्र भएर संचालनमा रहेको जसले गर्दा नौविसे देखी कलंकी सम्मको ट्राफिक जामलाई न्यून गर्ने र सो राजमार्ग वरपरका नगरवासीहरूको जिवनस्तर उँचो बनाउने आशा राखिएको छ। उक्त क्षेत्रमा सहरीकरण तथा बजारीकरणको विकास हुने हुँदा सो क्षेत्रका वासीन्दाहरूको आर्थिकस्तरमा आमूल परिवर्तन हुनेछ।
- काठमाडौंको नजिक हुनु, मुख्य राजमार्गहरू यही नगर हुदै संचालनमा रहनु,
- औद्योगिक र कृषि उत्पादनको बजारसम्मको सहज पहुँच हुन सक्ने स्थानमा अवस्थित हुनु
- तरकारीखेति, कुखुरापालन, ह्याचरी, फलफूल विशेषगरी लिचि, तोप्लाङको आलुको उत्पादन र विकासको उच्च सम्भावना
- औद्योगिक क्षेत्रको विकास गर्न सकिने क्षेत्रहरू रहेका।
- भिमढुंगा लामीडाँडा सडक काठमाण्डौं केन्द्र देखी यसै नगरपालिका क्षेत्र भएर गल्छि सम्म आवागमन गर्न सजिलो भएको छ। जसले गर्दा त्यस क्षेत्रका नगरवासीहरूको आर्थिक उन्नती हुने अपेक्षा गरिएको छ।
- नौविसे देखी कलंकी सम्मको ट्राफिक जामलाई न्यूनीकरण गर्न नौविसे नागढुंगा सुरुङमार्गले सहजता पुग्ने देखिन्छ।
- उत्प्रेरित, उद्यमशील, जागरुक, सचेत एवं विकासप्रति प्रतिवद्ध धुनिवेशी नगरवासी
- संघीय राजधानी काठमाण्डौंमा बसोबास गर्ने वासिन्दाहरूको लागि वैकल्पिक बसोबास स्थानको रुपमा विकसित गर्न सकिने नजिकको सम्भावित नगरपालिका।
- फोहोरमैलाको व्यवस्थापनको कार्यलाई व्यवस्थित गर्ने कार्यको थालनी।

कमजोर पक्ष

- आन्तरिक आय वृद्धिका क्षेत्रहरू न्यून हुनु।
- काठमाण्डौंको नजिकै भएको भएता पनि यस क्षेत्रमा मेडिकल कलेज, विश्वविद्यालय, भौतिक सुविधा सम्पन्न अस्पतालहरूको निर्माण हुँन नसक्दा नगरवासीहरूलाई सेवा लिन, उच्चस्तरको शिक्षा आर्जन गर्न, अन्य

अवसरहरू प्राप्त गर्न केन्द्रमानै धाउनुपर्ने अवस्था आएको छ। सोको परिपूर्ती र समस्या समाधानको लागि यस नगरपालिकाबाट जोडदार पहल हुनुपर्ने आवश्यकता छ।

- व्यवस्थित ढङ्गबाट औद्योगिकीकरण हुन नसक्नु।
- नगरपालिका क्षेत्रभित्र संचालित सबै उद्योग व्यवसायहरूलाई अभिलेखीकरण गरी करको दायरामा ल्याउने, दर्ता, नविकरण र अनुगमन गर्ने जस्ता कार्यहरू प्रभावकारी ढंगबाट हुननसक्नु।

अवसर

- निर्माणाधिन सुरुङमार्ग र अन्य वैकल्पिक मार्गहरू बन्दै जानु।
- प्राविधिक शिक्षालय निर्माणको थालनी हुनु जसको कारण दक्ष जनशक्ति उत्पादनको सम्भावना देखिनु।
- आन्तरिक तथा बाह्य पर्यटन अभिवृद्धिको लागि होटल व्यवसाय गर्न र अन्य पर्यटक क्षेत्रको विकासको लागि चन्दागिरी, नागार्जुन र थाहा नगरका सिमा र आसपासका क्षेत्रमा पर्यटन क्षेत्रको विकासमा साझेदारी गर्न सकिने।
- केन्द्र सरकारसँग जोडिएको यो नगरपालिकाको भविष्य आगामी दिनमा चन्द्रागिरी नगरपालिकासँग हातेमालो गरी काठमाण्डौं महानगरपालिकाको समकक्षी नगरपालिका हुने र तिव्र सहरीकरण, बजारीकरणको र औद्योगिकीरणको विकासको प्रवल सम्भावना रहेको छ।

चुनौति

- पौराणिक, धार्मिक र सांस्कृति तथा पर्यटकिय दृष्टिले महत्वपूर्ण स्थान, पार्क, मठ, मन्दिर र पर्यटकिय गन्तव्य स्थलहरू भएतापनि यसको उचित व्यवस्थापन, व्यापक प्रचारप्रसार हुन नसक्नु, छुट्टै, सहज, सरल र व्यवस्थित पहुँच मार्ग निर्माण हुन नसक्नु।
- आधारभुत पूर्वाधारहरूको कमी रहेको, नमिलेको भिरालो जमिन भएको र कतिपय पुर्वाधार निर्माणको कार्य गर्दा वातावरणिय परिक्षण नगरी ठूला मेसिनरी उपकरण प्रयोग गरी निर्माण कार्य भएको हुँदा भु-क्षय, वाढी, पहिरो जन्य प्राकृतिक प्रकोप एवं विपद् आउन सक्ने जोखिम रहेको र दिगो विकासका लागि हरेक वर्ष लगानी थप जुटाउँदै जानुपर्ने भूवनोट र प्राकृतिक संरचना।
- भू उपयोग नीति बन्न नसक्दा जग्गाको अव्यवस्थित प्रयोग बढ्दै गएको छ। खेतियोग्य जमिनको प्रयोग खेति गर्ने कार्यमा घट्दै गएको छ।
- सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर बढाउने, शिक्षकको क्षमता विकास, विद्यार्थीको कक्षा छोड्ने दर घटाउने र विद्यालयको शैक्षिक सूचकको आधारमा अनुगमन गर्न सकिएको छैन।
- काठमाण्डौं उपत्यकाको फोहोरमैला डम्पिङ साईट रहेको ओखरपौवाको लिचेड कोल्पुखोलामा मिसिदा धुनिवेशीका कृषकहरूको खेतियोग्य जमिन, वालीनाली र स्वास्थ्यमा असर परेको छ।
- आन्तरिक आय न्यून रुपमा परिचालन भएको र विकासको माग सम्वोधन गर्न साधनको न्यूनता रहेको छ।

- यस नगरपालिका क्षेत्रभित्र स्थापना भएका ईटा भट्टा, सिमेन्ट उद्योग, ग्याँस उद्योगहरूले वातावरणमा असरपार्ने धुँवाधुलो प्रदुषण र वालीनाली उत्पादनमा प्रत्यक्ष असर गरी जनजीवन नै कष्टकर बनाउँदै लगेको छ। यसको निराकरणको लागी यस नगरपालिकाले वैकल्पिक बाटो अवलम्बन गर्नुपर्ने देखिन्छ।
- जनशक्ति र जनप्रतिनिधिहरूको क्षमता विकासमा अवसरहरूको कमी रहेकोछ।
- यूवाहरूको विदेश पलायन र काम गर्ने जनशक्ति अभाव भएको छ।
- राजमार्ग क्षेत्रका होटलको सेवा प्रवाह उपभोक्ता मैत्री वनाउने, गुणस्तर, मुल्य र परिमाणलाई यथार्थपरक वनाउने र आम जनसाधारणलाई होटलको सेवाप्रति सकरात्मक वनाउन सकिएको छैन।
- अनुदान सम्झौता बाहेक नीतिगत व्यवस्था, प्राविधिक कर्मचारीहरूको खटनपटन र निगरानी, अनुदान रकम भुक्तानी लगायतका विषयमा नगरपालिकाको भूमिका र जिम्मेवारी नहुँदा पुनर्निमाणले गति लिन सकेको देखिदैन। दक्ष जनशक्तिको कमी, प्राविधिकहरूको उचित र यथार्थ परामर्श हुन नसक्दा पुनर्निमाणको कार्य शत प्रतिशत सम्पन्न हुन सकेको छैन।

२. निकायको काम, कर्तव्य र अधिकारः

यस धुनिवेशी नगरपालिका नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, स्थानीय सरकार संचालन ऐन, २०७४, संघ र वागमती प्रदेश कानुन बमोजिम स्थानिय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा अन्य कानुनी प्रबन्धहरु, समय समयमा जारी हुने परिपत्रहरु एवं नगरपालिकाको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड, मार्गदर्शन) र निर्णयहरु समेतले तोकेबमोजिमको काम, कर्तव्य र अधिकार निर्दिष्ट छ।

३. निकायमा रहने कर्मचारीको विवरणः

दरवन्दी अनुसार कार्यरत कर्मचारीहरुको विवरण

क्र.सं.	प्द	त्ह	सेवा/समुह	स्वीकृत दरवन्दी	कार्यरत कर्मचारीको नामथर	कैफियत/दरवन्दी
१	प्रमुख प्रशासकीय अधिकृत	दशौँ	प्रशासन/ सामान्य प्रशासन	१	श्री निरज पौडेल	नगर कार्यपालिका कार्यालय
२	अधिकृत	९/१०	शिक्षा/शिक्षा प्रशासन	१	श्री कर्ण बहादुर भुवाजी	शिक्षा शाखा
३	सि.डि.ई.	९/१०	ईन्जिनियर/सिभिल	१	रिक्त	पुर्वाधार विकास शाखा
४	अधिकृत	७/८	प्रशासन/ सामान्य प्रशासन	१	श्री झविलाल भुषाल	नगर कार्यपालिका कार्यालय
५	लेखा अधिकृत	७/८	प्रशासन/ लेखा	१	श्री गोविन्द प्रसाद पौडल	आर्थिक प्रशासन शाखा
६	अधिकृत	७/८	शिक्षा/शिक्षा प्रशासन	१	श्री विकास खत्री	शिक्षा शाखा
७	जनस्वास्थ्य अधिकृत	७/८	स्वास्थ्य/जनस्वास्थ्य	१	श्री ध्रुव कुमार अधिकारी	स्वास्थ्य शाखा

९	ईन्जिनियर	६	ईन्जिनियरिङ/सिभिल	१	श्री रामशरण अधिकारी	पुर्वाधार विकास शाखा
१०	अधिकृत	६	प्रशासन/सामान्य प्रशासन	२	श्री माधव प्रसाद लुईटेल श्री श्याम सुन्दर पाण्डे	नगर कार्यपालिका कार्यालय
११	आलेप सहायक	५	प्रशासन/लेखा	१	सुमना वोहोरा	आर्थिक प्रशासन शाखा
१२	प.हे.न.	५/६	स्वास्थ्य/क.न.	१	एस्ना भुजेल (स्वास्थ्य शाखामा कार्यरत)	स्वास्थ्य शाखा
१३	हेल्थ असिस्टेन्ट	५/६	स्वास्थ्य/हे.ई.	१	श्री हेमन्त सुवेदी	स्वास्थ्य चौकी हाल स्वास्थ्य शाखामा कार्यरत
१४	सहायक पाँचौं	५	प्रशासन/सामान्य प्रशासन	५	श्री सृजना तिवारी श्री सुष्मा आचार्य श्री सजिता मुडभरी रिक्त-२	नगर कार्यपालिका कार्यालय लोकसेवा आन्तरिक बढुवा-३
१५	सहायक लेखा अधिकृत	६	प्रशासन/लेखा	१	श्री नृप रावत	आर्थिक प्रशासन शाखा
१६	कम्प्यूटर अपरेटर	४	ीविविध	१	श्री दिनेश बहादुर सिजापती	नगर कार्यपालिका कार्यालय
१७	प्रा.स.	५	शिक्षा/शिक्षा प्रशासन	१	श्री केशव बहादुर महरा	शिक्षा शाखा
१८	सब-ईन्जिनियर	५	ईन्जिनियरिङ/सिभिल	२	श्री शसि थापा रिक्त-१	पुर्वाधार विकास शाखा हाल ६ नं. वडा कार्यालय
१९	महिला विकास निरिक्षक	५	ीविविध	१	मन्दिरा घिमिरे	महिला तथा बालबालिका शाखा
२०	ऋमिन	४	ईन्जिनियरिङ्ग/सर्भे	१ आन्तरिक दरवन्दी-१	रिक्त-१ पुर्ण धिताल	नापी सर्भे शाखा
२१	सहायक चौथो	४	प्रशासन/सामान्य प्रशासन	२	रिक्त रिक्त	नगर कार्यपालिका कार्यालय
२२	सहायक लेखापाल	४	प्रशासन/लेखा	१	सरोज पोखरेल	आर्थिक प्रशासन शाखा
२३	सहायक महिला विकास नि.	४	विविध	१	श्री विद्या अर्याल (तह वृद्धि ५ औं तह)	महिला तथा बालबालिका शाखा हाल ६ नं. वडा कार्यालय
वडा कार्यालय तर्फको दरवन्दी र कार्यरत कर्मचारी						

१	सहायक पाँचौं	५	प्रशासन/सामान्य प्रशासन	४	श्री खेम प्रसाद पोखरेल (तह वृद्धि छैठौं तह)	८ नं. वडा कार्यालय
					श्री रेनुका खत्री	७ नं. वडा कार्यालय
					माधव विडारी	५ नं. वडा कार्यालय
					रिक्त १	सरुवा सहमती मागभएको
२	सब-ईन्जिनियर	५	ईन्जिनियरिङ्ग/सिभिल	४	श्री विराट कुँवर (करार)	३ नं. वडा कार्यालय
					श्री जयप्रताप सिंह (करार)	१ नं. वडा कार्यालय
					रिक्त-२	
३	सहायक चौथो	४	प्रशासन/सामान्य प्रशासन	४	श्री भवानी के.सी.	९ नं. वडा कार्यालय
					श्री मिलन कुमार सुवेदी (तह वृद्धि ५ औं तह)	४ नं. वडा कार्यालय
					गणेश अर्याल	३ नं. वडा कार्यालय
					राजेश थारु	१ नं. वडा कार्यालय
४	अ.सब-ईन्जिनियर	४	ईन्जिनियरिङ्ग/सिभिल	५	श्री रमेश कुमार सापकोटा (तह वृद्धि ५ औं तह)	२ नं. वडा कार्यालय
					श्री अस्मिता सिलवाल	८ नं. वडा कार्यालय
					श्री नविन्द्र के.सी.	९ नं. वडा कार्यालय
					श्री अमित कुमार दास	७ नं. वडा कार्यालय
					श्री नारायण श्रेष्ठ	५ नं. वडा कार्यालय
५	मुखिया	३	प्रशासन/सामान्य प्रशासन	१	रिक्त-१	
६	हलुका सवारी चालक	५	हलुका सवारी चालक	१	श्री हरिहर रेग्मी	नगर कार्यपालिका कार्यालय
७	कार्यालय सहयोगी	श्रेणी विहिन	प्रशासन/सामान्य प्रशासन	१	श्री सफल कुँवर	६ नं. वडा कार्यालय
कृषि सेवा तर्फको दरवन्दी र कार्यरत कर्मचारी						
१	अधिकृत	७/८	कृषि/एगृ इको एण्ड मार्केटिङ	१	रिक्त	
२	सहायक पाँचौं	५	कृषि	२	श्री सन्तोष खड्का (तह वृद्धि छैठौं तह)	कृषि शाखा
					भैरव बहादुर बोहोरा	कृषि शाखा
३	सहायक चौथो	४	कृषि	१	शान्तिला फोम्वो	कृषि शाखा
पशु सेवा तर्फको दरवन्दी र कार्यरत कर्मचारी						

धुनिवेशी नगरपालिका नगर कार्यपालिकाको कार्यालय खानीखोला, धादिङ बागमती प्रदेश, नेपाल

१	अधिकृत	७/८	कृषि/भेटेरिनरी	१	रिक्त (हाल छैटौं तहका टंक बहादुर कट्वाल कार्यरत)	पशु सेवा शाखा
२	प.स्वा.प्रा.	५	कृषि/भेटेरिनरी	१	दानी शाह करार सेवामा कार्यरत	पशु सेवा शाखा
३	प.से.प्रा.	५	कृषि/ला.पो.एण्ड डे.डे.	१	रिक्त	
४	ना.प्र.स्वा.प्रा.	४	कृषि/भेटेरिनरी	१	श्री तिर्थराज पुन	पशु सेवा शाखा हाल वडा कार्यालयमा कार्यरत
५	ना.प.से.प्रा.	४	कृषि/ला.पो.एण्ड डे.डे.	१	श्री श्रीराम घिमिरे	पशु सेवा शाखा
स्वास्थ्य सेवा तर्फको स्वास्थ्य चौकीहरुमा रहेको दरवन्दी र कार्यरत कर्मचारी						
१	अधिकृत	६	स्वास्थ्य/हे.ई.	३	श्री गिता भट्ट	नौविसे स्वा. चौ.
					श्री शिव कुमार थापा	जीवनपुर स्वा.चौ.
					रिक्त १	
२	सहायक पाँचौं	५	स्वास्थ्य /हे.इ.	३	हे.अ.श्री कृष्ण ढुंगाना (तह वृद्धि छैठाँ तह	हाल नौविसे स्वा.चौं.मा कार्यरत
					श्री सरोज खड्का	छत्रै स्वा.चौं
					हे.अ. श्री मदन धामी	जीवनपुर स्वा.चौ.
३	सहायक पाँचौं	५	स्वास्थ्य/क.न.	३	श्री शारदा सुवेदी	जीवनपुर स्वा.चौं
					चौथो तह अनमी श्री सिम्रिका पुडासैनी	छत्रे स्वा.चौं (हाल अध्ययन विदा)
					श्री जमुना गिरी	नौविसे स्वा. चौ.
४	सहायक चौथो	४	स्वास्थ्य/हे.ई.	३	(अहेव) श्री अप्सरा मिश्र पौडेल	नौविसे स्वा. चौ.
					(अहेव) श्री लक्ष्मी अधिकारी	छत्रेदेउराली स्वा.चौ.
					(अहेव) कृष्ण राना	जीवनपुर स्वा.चौ.
५	सहायक चौथो	४	स्वास्थ्य/क.न	३	अनमी श्री अनिता खत्री	नौविसे स्वा. चौ.
					अनमी यशोदा आचार्य गौतम	जीवनपुर स्वा.चौ.
					अनमी शुष्मा दाहाल	छत्रेदेउराली स्वा.चौ.
कोभिड अस्पताल तर्फ करार सेवामा रहेको दरवन्दी र कार्यरत कर्मचारी						
१	मेडिकल अधिकृत			१	डा.अमृत उप्रेती (करार)	
३	कार्यालय सहयोगी			१	प्रदिप कार्की (करार)	

आधारभुत स्वास्थ्य केन्द्र तर्फ करारमा कार्यरत कर्मचारी						
१ नं. वडा आधारभुत स्वास्थ्य केन्द्र						
१	सहायक चौथो	४	अ.हे.व		श्री दिनेश रुपाखेती	
२	सहायक चौथो	४	अनमी		श्री मल्लिका गिरी	
३	कार्यालय सहयोगी				श्री ज्योती उप्रेती	
३ नं. वडा आधारभुत स्वास्थ्य केन्द्र						
१	सहायक चौथो	४	अ.हे.व		श्री रामकुमार मिजार	
२	सहायक चौथो	४	अनमी		श्री नलिना पाण्डे	
३	कार्यालय सहयोगी				श्री मनिषा थापा	
५ नं. वडा आधारभुत स्वास्थ्य केन्द्र						
१	सहायक चौथो	४	अ.हे.व		श्री नरेश रुपाखेती	
२	सहायक चौथो	४	अनमी		श्री सजिना सुवेदी	
३	कार्यालय सहयोगी				श्री जमुना अधिकारी	
६ नं. वडा आधारभुत स्वास्थ्य केन्द्र						
१	सहायक चौथो	४	अ.हे.व		श्री सिता लामा	
२	सहायक चौथो	४	अनमी		श्री मधु माया रानाभाट सिलवाल	
३	कार्यालय सहयोगी				श्री सावित्री चापागाँई	
८ नं. वडा आधारभुत स्वास्थ्य केन्द्र						
१	सहायक चौथो	४	अ.हे.व		श्री कुसुम पाठक	
२	सहायक चौथो	४	अनमी		श्री कल्पना गिरी (काज)	छत्रेदेउराली स्वा.चौ. दरवन्दी
३	कार्यालय सहयोगी				श्री सुभद्रा तिवारी बस्नेत	
९ नं. वडा आधारभुत स्वास्थ्य केन्द्र						
१	सहायक चौथो	४	अ.हे.व		श्री सरिता अर्याल	
२	सहायक चौथो	४	अनमी		श्री सविना थापा	
३	कार्यालय सहयोगी				श्री सविता के.सी.	
नौविसे स्वास्थ्य चौकीमा करार सेवामा कार्यरत कर्मचारीहरुको विवरण						
१	सहायक पाँचौं	५	स्वास्थ्य /हे.अ.		श्री कृपा पाठक (काज)	छत्रेदेउराली स्वा.चौ.दरवन्दी
२	सहायक चौथो	४	अनमी		श्री राधिका भण्डारी	
३	सहायक चौथो	४	अनमी		श्री सुहाना रिजाल (काज)	८ नं. वडा आ.स्वा.के.दरवन्दी

३	सहायक चौथो	४	ल्याब असिस्टेन्ट		श्री सरस्वती खतिवडा	
४	कार्यालय सहयोगी				श्री पुनम चौधरी	
जीवनपुर स्वास्थ्य चौकीमा करारमा कार्यरत कर्मचारीहरुको विवरण						
१	सहायक चौथो	४	अनमी		श्री पवित्रा पाण्डे	
२	सहायक चौथो	४	ल्याव असिस्टेन्ट		श्री कल्पना रुपाखेती	
३	कार्यालय सहयोगी				श्री सविता रेग्मी	
छत्रेदेउराली स्वास्थ्य चौकीमा करारमा कार्यरत कर्मचारीहरुको विवरण						
१	सहायक चौथो	४	ल्याव असिस्टेन्ट		श्री सृजना लुइँटेल	
२	सहायक चौथो	४	अनमी		रुपा तामाङ	
३	कार्यालय सहयोगी				श्री सविना गजुरेल	
वडा कार्यालयमा करार सेवामा कार्यरत कर्मचारीहरुको विवरण						
१	कार्यालय सहयोगी		श्रेणी विहिन	आन्तरिक दरवन्दी-८	रविन पौडेल	१ नं. वडा कार्यालय
					प्रदिप भट्टराई	२ नं. वडा कार्यालय
					कल्याण बस्नेत	३ नं. वडा कार्यालय
					निर्मल गौतम	४ नं. वडा कार्यालय
					विमला नगरकोटी	५ नं. वडा कार्यालय
					सर्मिला दाहाल	७ नं. वडा कार्यालय
					सुनिता भण्डारी	८ नं. वडा कार्यालय
					मनिस राई	९ नं. वडा कार्यालय
नगर प्रहरी सेवा तर्फ नगरपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुको विवरण						
१	नगर प्रहरी सहायक नि.	त्ह	नगर प्रहरी	आन्तरिक दरवन्दी-१	किरण गिरी	नगर कार्यपालिका कार्यालय
२	नगर प्रहरी हवल्दार	त्ह	नगर प्रहरी	आन्तरिक दरवन्दी-२	दिपेन्द्र बोहोरा	नगर कार्यपालिका कार्यालय
					रिक्त-१	
३	नगर प्रहरी	श्रेणीविहिन	नगर प्रहरी	आन्तरिक दरवन्दी-६	रघुनाथ भण्डारी	नगर कार्यपालिका कार्यालय
					सन्तोष अर्याल	नगर कार्यपालिका कार्यालय
					सुदन सेढाई	नगर कार्यपालिका कार्यालय
					भवानी खत्री	नगर कार्यपालिका कार्यालय

					कुन्छाङ वाइवा	नगर कार्यपालिका कार्यालय
					सुमन भण्डारी	नगर कार्यपालिका कार्यालय
					संगिता मिजार	नगर कार्यपालिका कार्यालय
दमकल सेवा तर्फ नगरपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुको विवरण						
१	दमकल चालक	हेभी सवारी चालक			कान्छा सुयल	नगर कार्यपालिका कार्यालय
२	अग्नी नियन्त्रक		अग्नी नियन्त्रक		दिनेश कुँवर	नगर कार्यपालिका कार्यालय
					चिरन्जिवि पुडासैनी	
					रिक्त-१	
एम्वुलेन्स सेवा तर्फ नगरपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुको विवरण						
१	एम्वुलेन्स चालक	हलुका सवारी चालक			सुरेश तामाङ	छत्रेदेउराली स्वा. चौ.
					तिर्थराम बानियाँ	नौविसे स्वा. चौ.
					रविन मिजार	जीवनपुर स्वा.चौ.
नगरपालिकामा कार्यरत करार सेवामा कार्यरत कर्मचारीहरुको विवरण						
१	कम्प्युटर अपरेटर		सहायक चौथो		राधाकृष्ण पाठक	
२	खापासटे		सहायक चौथो		प्रदिप आचार्य	
३	सामाजिक परिचालक		सहायक चौथो		रमिला विडारी	३ नं. वडा कार्यालय
					मुना भट्टराई	७ नं. वडा कार्यालय
					अनिता पाण्डे	८ नं. वडा कार्यालय
४	हलुका सवारी चालक	प्रथम तह	स्तरविहिन		रमेश श्रेष्ठ	नगर कार्यपालिका कार्यालय
					राजन भण्डारी	
					तुलसी राम गिरी	
५	व्याकहो लोडर चालक	हेभी सवारी चालक	स्तरविहिन		सन्तोष गिरी	नगर कार्यपालिका कार्यालय
					सन्तोष रोकाय	
६	कार्यालय सहयोगी	प्रथम तह	स्तरविहिन		सतिदेवि रिजाल	नगर कार्यपालिका कार्यालय

					पारसमणी भट्ट	
					प्रमिला कुँवर	
					रिक्त-१	
७	सरसफाई सहयोगी		स्तरविहिन		कमला कार्की	
परियोजना तर्फ नगरपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुको विवरण						
१	सूचना प्रविधि अधिकृत		अधिकृत छैठौं		सौरभ कार्की	LGCDP र नगरपालिका
२	रोजगार संयोजक (अधिकृत छैटौं)		अधिकृत छैठौं		प्रमिला पाठक	प्रधानमन्त्री रोजगार कार्यक्रम
३	एम.आइ.एस.अपरेटर		सहायक पाँचौं		रमेश श्रेष्ठ	व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सेवा केन्द्र
४	एम.आइ.एस.अपरेटर		सहायक पाँचौं		अजित कुमार यादव	व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सेवा केन्द्र
५	सब-इन्जिनियर		सहायक पाँचौं		सूर्य भण्डारी	प्रधानमन्त्री रोजगार कार्यक्रम
६	मनोसामाजिक परामर्शकर्ता		सहायक पाँचौं		पवित्रा रानामगर	सामी परियोजना
७	वित्तिय साक्षरता सहजकर्ता		सहायक पाँचौं		मिरा घिमिरे	सामी परियोजना
८	उद्यम विकास सहजकर्ता		सहायक पाँचौं		गिता श्रेष्ठ	लघु उद्यम परियोजना
९	उद्यम विकास सहजकर्ता		सहायक पाँचौं		लव पौडेल	लघु उद्यम परियोजना
१०	फिल्ड सहायक		सहायक चौथो		महेश्वर सुवेदी	व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सेवा केन्द्र
११	कानूनी सहजकर्ता		सहायक पाँचौं		सरस्वती रेग्मी	प्रदेश कानून मन्त्रालय
१२	ना.प्र.स.कृषि (जेटिए)		सहायक चौथो		टोप बहादुर विसि	कृषि परियोजना
१३	ना.प्रा.स. कृषि		सहायक चौथो		ममता शर्मा	कृषि परियोजना
१४	ना.पशू स्वा. प्राविधिक		सहायक चौथो		राधाकृष्ण कोइराला	पशु परियोजना
१५	रिर्टनी स्वयंसेवक				राजकुमार तामाङ	सामी परियोजना
१६	रिर्टनी स्वयंसेवक				राम बहादुर तामाङ	सामी परियोजना
१७	रिर्टनी स्वयंसेवक				सिता अर्याल	सामी परियोजना
एक विद्यालय एक नर्स कार्यक्रम तर्फ करार सेवामा कार्यरत कर्मचारीहरुको विवरण						
१	एक विद्यालय एक नर्स				सयुषा सुवेदी	महादेवस्थान मा.वि.

					अस्मीता पाण्डे	भुवनेश्वरी मा.वि.
					प्रतिक्षा सापकोटा	महेन्द्रोदय मा.वि.
					रिक्त	मच्छिन्द्र मा.वि.

धुनिवेशी नगरपालिका नगर कार्यपालिकाको कार्यालय खानीखोला, धादिङ बागमती प्रदेश, नेपाल

४. निकायबाट प्रदान गरिने सेवाः

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ संघ र बागमती प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा समय समयमा जारी हुने परिपत्रहरु एवं नगरपालिकाको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड समेत), धुनिवेशी नगरपालिकाको अविछिन्न अभ्यासहरुको अधीनमा रही स्थानीय सरकारको रुपमा सेवा, सुविधाहरु प्रदान गरिरहेको छ।

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः

यस नगरपालिकाले सेवा सुविधा प्रवाह गर्न शाखाहरु, ९ वटा वडा कार्यालयहरु रहेका छन। नगरपालिकाको प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र सूचना अधिकारीको पदमा कार्यरत अधिकारीको विवरण धुनिवेशी नगरपालिकाको वेबसाइट www.dhunibeshimun.gov.np मा उल्लेख गरिएको छ।

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

यस नगरपालिकाले प्रदान गर्न विभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने समायवधी विवरण धुनिवेशी नगरपालिकाले हरेक आर्थिक वर्षका लागि नगर सभाबाट जारी हुने आर्थिक ऐन, नीति, कार्यक्रम बजेट, स्थानीय सरकार संचालन ऐन, २०७४, स्थानीय कानुन, नागरिक बडापत्र समेतबाट निर्धारण गरिन्छ। यस सम्बन्धी व्यवस्था धुनिवेशनी नगरपालिकाको वेबसाइट www.dhunibeshimun.gov.np मा समेत उल्लेख गरिएको छ।

७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

यस नगरपालिकाको नगर सभा, नगर कार्यपालिकाको बैठक, संघिय तथा प्रदेश कानुन र स्थानीय ऐन, नियमावली कार्यविधि, निर्देशिका, मापदण्ड, प्रचलित अभ्यासहरु तथा समय समयमा हुने निर्णयहरुको अधिनमा रही तालुक मन्त्रालयको निर्देशन परिपत्रहरुको अधिनमा रही प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशित कार्यसम्पादन गर्नका निमित्त नगर सभाबाट संगठन संरचना अनुसारको पदिय जिम्मेवारीमा रहने कर्मचारीहरुको कार्यविवरण स्पष्ट तोकिएको छ। नगरपालिकाको नितिगत निर्णय लिने, आवश्यक मार्गदर्शन दिने र कार्यालयबाट हुने काम कारवाहीलाइ निरन्तर अनुगमन नियन्त्रण गर्ने कार्य नगर सभा र नगर कार्यपालिकाको वैठकले गरेको

निर्णय, अनुगमन समिति, सहरी योजना आयोग, अनुगमन तथा मूल्याङ्कन एकाई र अन्य संस्थागत संयन्त्रबाट समेत हुने गरेको छ।

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

यस नगरपालिकाको काम कारवाही सम्बन्धमा सेवाग्राहीहरुको गुनासो तथा उजुरी सुन्नका लागि नगरपालिकाको केन्द्रमा अधिकृत सातौं श्री झविलाल भुसाललाई गुनासो सुनुवाइको फोकल व्यक्तिको रुपमा तोकिएको छ।

९. सम्पादन गरेको कामको विवरण

यस नगरपालिकाले नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, संघ, प्रदेश र स्थानीय कानुनले तोकेबमोजिम स्थानीय सरकारको रुपमा नगरपालिकाले गर्न सक्ने सम्पुर्ण काम कारवाही गर्दै आइरहेको छ।

१. आर्थिक विकास

१.१ कृषि

- आ.व. २०७९।८० मा कृषि शाखाबाट भए गरेका कार्यक्रमको तथा अनुदान पाउने कृषकहरुको अभिलेखिकरणको लागी प्रगति पुस्तिका प्रकाशन गरिएको छ ।
- नगरपालिकाको आफ्नै फलफूल तथा पुष्प श्रोत केन्द्र धु.न.पा-०९ मा संचालनमा रहेको छ ।
- किसानको बालीमा क्षति पुराउने जङ्गली जनावरको आतङ्क नियन्त्रणको लागि नेपाल सरकारबाट स्वीकृत भएका प्रविधि परिक्षण कार्यक्रम ३० वटा बाँदर धपाउने बन्दुक र त्यसको लागी आवश्यक रसायन खरिद गरि कृषकलाई वितरण गरिएको ।
- बाँदर धपाउन प्रयोग गरिने ट्राईमिथाईल अमाइन नामक रसायनका साथै सिरिन्ज, पञ्जा र माक्स लगायतका सामग्री खरिद गरि कृषकलाई वितरण गरिएको छ।
- कृषकको माग अनुसार ५० प्रतिशत अनुदानमा ४००० किलो गहुँको उन्नत विउ वितरण गरिएको ।
- कृषकको माग अनुसार ५० प्रतिशत अनुदानमा मकैको उन्नत वीउ वितरण गर्नको लागी सूचना प्रकाशन गरि माग संकलन भईरहेको ।
- कृषकको माग अनुसार ५० प्रतिसत अनुदानमा - ८०० बोट जापानिज हलुवावेद, ८३० बोट नास्पाती र ६२० बोट ओखरका विरुवाहरु वितरण गरिएको ।
- तरकारी खेती प्रर्वधन कार्यक्रम, साना सिँचाई प्रर्वधन कार्यक्रम र रैथाने बाली प्रर्वधन कार्यक्रम संचालन गर्न सूचना प्रकाशन गरि प्रस्ताव संकलन कार्य भईरहेको ।

१.१ पशु

- पशु उपचार सेवा तर्फ ५०३ गाई,२३९ भैंसी,७५१९ बाख्रा,३० वंगुर,३३ कुकुर,६१७ वटा स्थानिय कुखुरा को उपचार गर्ने कार्य सम्पन्न गरिएको।
- ८०४ गाई,११५ भैंसी गरी जम्मा ९१९ पशुमा कृत्रिम गर्भाधान गर्ने कार्य सम्पन्न गरिएको।

- ६९ वटा बोकाको वन्ध्याकरण कार्य सम्पन्न गरिएको ।
- ६२ वटा पशुको गोवर परिक्षण पत्र कार्य सम्पन्न भएको ।
- विमा दावी सिफारिस ५० वटा,अन्य कार्यक्रम सम्वन्धी सिफारिस १५ वटा सम्पन्न भएको
- खोप कार्यक्रम संचालन गर्न ७ जना भ्याक्सिनेटर नियुक्त गरि ४०७२ गाईभैंसी/वंगुर लाई खोरेतको खोप लगाउने कार्य सम्पन्न गरिएको ।

१.२ प्रधानमन्त्री रोजगार कार्यक्रम

- यस आ.व मा वडागत रुपमा उपलब्ध गराइने न्यूनतम १०० दिनको रोजगारी प्राथमिकताको आधारमा वडा नं. १ मा ९ जना,वडा नं. २ मा ६ जना ,वडा नं.३ मा ११ जना , वडा नं. ४ मा १८ जना, वडा नं. ५ मा ६ जना, वडा नं. ६ मा १२ जना, वडा नं. ७ मा ९ जना, वडा नं. ८ मा ८ जना, वडा नं .९ मा ७ जनालाई रोजगारीको लागि जम्मा २० वटा योजना छनौट गरिएको छ।
- राहदानी बनाएर बसेकाहरुका लागि सामीद्धारा उपलब्ध गराइने निशुल्क एक महिने सिप तालिममा गार्मेन्ट उद्योग सम्बन्धी तालिमका लागि धु.न.पा ७ बाट १ जनालाई सिफारिस गरी पठाइएको ।
- स्थानिय रोजगार रणनीति निर्माण प्रक्रिया अघि बढेको सरोकारवाला तथा रोजगारदातासँग धारणा, सुझाव संकलन गर्ने कार्य भइरहेको ।
- वैदेशिक रोजगार सन्तति छात्रवृत्ति कार्यक्रम २०८० अन्तर्गत ५ जना बालबालिकाको विवरण वैदेशिक रोजगार बोर्डको सचिवालयमा उपलब्ध गराइएको ।
- श्रम स्वीकृति लिई वैदेशिक रोजगारीको क्रममा समस्यामा परेका व्यक्तिहरुको समस्या समाधानका लागि सहजीकरण एवम् परामर्श सेवा उपलब्ध गराइएको ।

१.३ लघु उद्यम कार्यक्रम MEDPA

- पुरानो उद्धमी ३२ जना सहित वडा न.३ मा १२ जना र वडा न ६ मा १५ जना गरी ५९ जनालाई एडभान्स तालिम र पुनर्ताजकी गराउने सम्बन्धमा छलफल कार्यक्रम सम्पन्न गरिएको।
- वडा न.२ मा १२ जना लाई सिलाईकटाई एडभान्स तालिम सम्पन्न गरिएको
- २० जनाको सिलाई कटाई सम्बन्धी रमाइलो चौर लघु उद्यमी समूह,१२ जनाको जुत्ताचप्पल सम्बन्धी मनकामना लघु उद्यमी समूह, २० जनाको झोला बनाउने सरस्वती लघु उद्यमी समूह, १३ जनाको ब्युटिसिएन छत्रेपाटि लघु उद्यमी समूह तयार गरिएको
- लघु उद्यमीहरुले उत्पादन गरेको बस्तुहरु प्रदशनी मेलामा बिक्रि वितरणको लागि सहजिकरण गरिएको
- नयाँ उद्यमीहरुको विवरण संकलन गरिएको

१.४ सहकारी

- यस नगरपालिका अन्तर्गत कार्यक्षेत्र रहेका ३० वटा सहकारी संस्थाहरु मध्येबाट २१ वटा सहकारी सस्थाहरुको अनुगमन तथा निरिक्षण गर्ने कार्य सम्पन्न भएको छ ।
- फुरैले बद्रिटार कृषि सहकारी संस्थाको खारेजीको पहिलो चरणको कार्य अघि बढेको छ ।
- २३ वटा सहकारीहरुको बार्षिक साधारण सभा सम्पन्न भएको सो मध्येका ५ वटा सहकारी संस्थाको विधिसम्मत सञ्चालक, लेखा समितिको निर्वाचनमा सहजिकरण भएको ।
- सहकारीहरुमा कार्यान्वनय अधिकारी तोक्ने कार्यको लागि निर्देशन भएको ।

- विभागबाट सहकारी संस्थाको लागि माग भई आएको तालिममा यस पालिका अन्तर्गतका रहेका सहकारीहरु मध्येबाट एक सहकारीबाट १ जना समावेश पर्ने गरि जम्मा १ जनालाई लेखा तथा सहकारी शिक्षा तालिमा समावेश गराइएको छ।

२. सामाजिक विकास

२.१ शिक्षा यूवा तथा खेलकूद

- आधारभूत तहका गणित विषयका शिक्षकहरुको लागि ३ दिने क्षमता विकास तालिम संचालन गरिएको ।
- सामुदायिक विद्यालयका प्रधानाध्यापकज्यूहरुको लागि ३ दिने विद्यालय सुधार योजना (SIP)र विद्यालय लेखाङ्कन प्रणाली सम्बन्धी तालिम संचालन गरिएको ।
- धुनिवेशी नगरपालिका अन्तरगतका सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयबाट २०७९ सालको SEE परीक्षामा सहभागी भएका विद्यार्थीहरुको नतिजा विश्लेषण गरिएको ।
- सुचना प्रविधि शिक्षकहरुको लागि १ दिने वेव साईट व्यवस्थापन सम्बन्धी तालिम संचालन गरिएको ।
- १३ औं नगर स्तरीय राष्ट्रपति रनिङ सिल्ड खेलकुद प्रतियोगिता सञ्चालन भई सम्पन्न गरिएको।
- माघ १४ देखि १६ गते सम्म संचालन गरिएको धादिङ जिल्ला स्तरीय १३ औं राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितामा धुनिवेशी नगरपालिकाबाट विविध खेल विधाका ९८ जना खेलाडी विद्यार्थीहरुलाई सहभागी गराइएको ।
- समय समयमा विद्यालयहरुमा अनुगमन तथा निरीक्षण गरिएको ।
- सबै सामुदायिक विद्यालयमा बालविकास देखि कक्षा ३ सम्म अध्ययरत बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचान सम्बन्धी विद्यालयका प्रधानाध्यापक तथा सुचना प्रविधि (IEMIS) सम्बन्धी काम गर्ने शिक्षकहरुको लागि १ दिने क्षमता विकास तालिम संचालन गरिएको र सबै विद्यालयमा बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचान गर्ने काम संचालन भईरहेको।
- श्री सेती देवी आवि काफलचौर, कालीदेवी आवि, चण्डीदेवी आवि, थुङ्गी आवि, त्रिकुटेश्वरी आवि, ज्वालामुखी आवि र ज्ञानोदय आवि गरी जम्मा ७ वटा विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको पुनर्गठन गरिएको।

२.२ स्वास्थ्य

- स्वास्थ्य संस्थाहरुबाट १६१०८ जना नयाँ सेवाग्राहीहरुले बहिरंग सेवाबाट उपचारात्मक, औषधि तथा परामर्श सेवा प्राप्त गरेका छन् जस मध्ये २६३३ जना जेष्ठ नागरिक रहेका छन् ।
- यस नगर भित्र रहेका नौविसे, जीवनपुर र छत्रेदेउराली स्वास्थ्य चौकीहरुमा सञ्चालित प्रयोगशालावाट ४०१ जनालाई निःशुल्क र १९९५ जनालाई सःशूल्क गरी जम्मा २३९६ जनालाई प्रयोगशाला सेवा प्रदान गरिएको छ र जम्मा राजस्व रु ६०,५००।-रुपैयाँ संकलन भएको छ ।
- गाँउघर क्लिनिकवाट १०९६ जनालाई सेवा प्रदान गरिएको छ ।
- यस नगर भित्रका २८ जना महिला सामुदायिक स्वास्थ्य स्वंयम् सेविकाहरुले १६३ पटक स्वास्थ्य आमा समुहको बैठक वसेका छन् भने ४९२४ जनालाई परामर्श सेवा प्रदान गरेका छन् ।

- आमा सुरक्षा कार्यक्रम अन्तर्गत १८६ जना गर्भवती महिलाहरुले कम्तीमा एक पटक गर्भवती जाँच गराएका र ७६ जना गर्भवती महिलाहरुले प्रोटोकल अनुसार ४ पटक र ६६ जनाले ८ पटक गर्भ जाँच सेवा प्राप्त गरेका र ६५ जनाले ३ वटा बर्थिङ सेन्टरहरुबाट सुरक्षित प्रसुति सेवा प्राप्त गरेका छन् ।
- तीन वटा स्वास्थ्य चौकीमा रहेका बर्थिङ सेन्टरहरुमा ६५ जना संस्थागत सुत्केरी भएका महिलाहरुलाई भित्री कपडा, स्यानिटरी प्याड र वर्थिङ सेन्टरमा वसुन्जेल जाउलोको व्यवस्था गरिएको छ ।
- ९३ जना गर्भवती महिलालाई १८० आइरन चक्की र १२५ जना गर्भवती महिलालाई क्याल्सियम चक्की वितरण गरिएको छ ।
- ९८ जना सुत्केरी महिलाहरुले भिटामिन ए पाएका छन् भने ७२ जना सुत्केरी महिलाहरुले ४५ आइरन चक्की पाएका छन् ।
- उत्तर प्रसुति घरभेट कार्यक्रम अन्तर्गत ११० जना सुत्केरी महिलाहरुलाई प्रोटोकल अनुसार ४ पटक सुत्केरी जाँच गरिएको छ ।
- सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत ९८ जनाले सुरक्षित गर्भपतन सेवा पाएका छन् ।
